नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री भोला दाहालले गरेको फैसला

मुद्दा-: अभद्र व्यवहार ।

मि.नं.-३३९ दायर मितिः-२०८२/०१/११

फैसला मितिः-२०८३/०३/११

| वादी | प्रतिवादी |
|---|---|
| जन्नतवानी खातुन समेतको जाहेरीले नेपाल सरकार..........................१ | जिल्ला पर्सा वीरगंज महानगरपालिका वडा नं.-२६ बस्ने मन्सी मियाँको छोरा अं.वर्ष ६० को जहुर अंसारी समेत ४ जना .........................१ |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

तथ्य-खण्ड

१. प्रतिवादीहरुले जाहेरवाली समेतलाई गाली गलौज गर्दै कुटपिट समेत गरी मोवाईल समेत फुटाई अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त .।
२. प्रतिवादीहरुले जाहेरवाली समेतलाई हातपात तथा अश्लील शब्द प्रयोग गर्दै गाली गलौज तथा लछार पछार गरी घाईते बनाई अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।
३. प्रतिवादीहरुले जाहेरवाली समेतलाई हातपात तथा अश्लील शब्द प्रयोग गर्दै गाली गलौज तथा लछार पछार गरी घाईते बनाई अभद्र व्यवहार गरेको कुरा सुनी थाहा पाएको हुँ । प्रतिवादीलाई कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका रुदल मियाँ समेतको घटनाविवरण कागज।
४. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।
५. प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको इन्कारी बयान ।
६. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।
७. जाहेरवाली यस कार्यालयमा उपस्थित भई गरेको बकपत्र ।
८. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

ठहर-खण्ड

यसमा प्रतिवादीहरु प्रतिवादीहरु जहुर अंसारी, सफिदन खातुन, आसमा खातुन र सहविर अंसारी समेतले इन्कारी बयन गरेतापनि, मिति २०८०।११।१० गते बिहान अं.१०:०० बजेको समयमा जिल्ला पर्सा बिरगंज महा-नगरपालिका वडा नं.-२६ सुगौली विर्तास्थित म जाहेरवाली समेतलाई प्रतिवादीहरु जहुर अंसारी, सफिदन खातुन, आसमा खातुन र सहविर अंसारी समेत मिली गाली गलौज तथा कुटपिट गरी अभद्र व्यवहारको कसूर गरेको हुँदा निज प्रतिवादीहरुलाई कानून बमोजिम कारबाही गरी हानी नोक्सानी पुर्याएको

मोबाईल वापतको रकम र उपचारमा लागेको सम्पूर्ण खर्च वापतको रकम रु.१,५५,६००/- समेत निज प्रतिवादीहरुबाटै दिलाई भराई पाउ भन्ने समेत व्यहोराको जन्नतवानी खातुन समेतको जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा जाहेरवाली यस कार्यालयमा उपस्थित भई गरेको बकपत्र समेतको आधारमा यी प्रतिवादीहरु जहुर अंसारी, सफिदन खातुन, आसमा खातुन र सहविर अंसारी समेतले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। यसरी जहेरवाली समेतलाई प्रतिवादीहरु जहुर अंसारी, सफिदन खातुन, आसमा खातुन र सहविर अंसारी समेत मिली गाली गलौज तथा कुटपिट गरी अभद्र व्यवहार गरेको तथ्य स्थापित हुन गएको देखिएको अवस्था समेतलाई बिश्लेषण गरी मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादीहरु जहुर अंसारी, सफिदन खातुन, आसमा खातुन र सहविर अंसारी समेतलाई जनही जरिवाना रु.१००००/- अक्षरेपी दस हजार र जनही क्षतिपूर्ति शुल्क रु.४००/- मात्र हुने ठहर्छ। साथै ऐ.ऐ.संहिताको दफा १२७ को हकमा अनुसन्धानको क्रममा जाहेरवाली जन्नतवानी खातुनले दिएको निवेदनमा पीडित घाईतेहरुको उपचारमा रु.१,००,०००/- लागेको, प्रतिवादीहरुले जाहेरवालीको रु.४५,६००/- पर्ने मोवायल फुटाई दिएको र नगद रु.१०,०००/- समेत खोसी लगेको हुँदा सो रकम भराई पाउँ भनी उल्लेख गरेकोमा हाल रु.७००/- को मात्र औषधी उपचारको बिल पेश भएको देखिंदा पछि सोको सक्कल बिल भरपाई तथा प्रमाण पेश भएमा सोही बमोजिमको रकम र क्षतिपूर्ति वापत समेतको रकम मुलुकी अपराध संहिता, २०७४ को दफा १२७ बमोजिम निज प्रतिवादीहरुबाट जाहेरवालीलाई दिलाई भराई अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम कसूरदारहरुबाट क्षतिपूर्ति शुल्क वापतको रकम निर्धारण गरी ऐ. ४१(५) बमोजिम पीडित राहत कोषमा जम्मा गराई पाउन समेत भनि क्षतिपूर्ति माग दावी रहेकोमा घटनास्थल मुचुल्का, घटना विवरण कागज, घाँ जाँच फाराम र अस्पताल पुर्जा समेतको आधारमा जाहेरवालीसमेत घाईते भई उपचार गरीएको देखियो तर घटनास्थल मुचुल्का र घटना विवरण कागजमा प्रतिवादीहरुले जाहेरवालीको रु.४५,६००/- पर्ने मोवायल फुटाई दिएको र नगद रु.१०,०००/- समेत खोसी लगेको भन्ने कुरा स्थापित हुन नसकेको र घाईतेहरुको उपचार खर्चको सम्बन्धमा रु.७००/- को २ वटा बिल मात्र पेश हुन आएको संलग्न मिसिलबाट देखिन आएको हुँदा जाहेरवालीको मागदावी बमोजिम क्षतिपूर्ति उपलबध गराउन सकिएन । तसर्थ यसरी जाहेरवालीले मोवाईलको मागदावी रु.४५,६००/- गरी विल पेश गरेको र रु.१०,०००/- प्रतिवादीहरुले खोसी लगेको भन्ने व्यहोराको मागदावी गरेकोको मागदावी नपुग्ने हुँदा औचित्यता तथा न्यायसमेतको आधारमा जाहेरवालीलाई मिसिलमा संलग्न भए बमोजिम बिल अनुसार रु.१४००/- अक्षरेपी एक हजार चार सय मात्र प्रतिवादीहरुबाट जाहेरवालीलाई भरी भराई दिन समेत ठहर्छ । सो ठहर्नाले अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

## तपसिल खण्ड

१. माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादीहरु जहुर अंसारी, सफिदन खातुन,

आसमा खातुन र सहविर अंसारी समेतलाई ठहरे जरिवाना र क्षतिपूर्ति शुल्कको हकमा  निजले क्रमशः र.न. ३२८/२०८२/०२/०७, ३२९/२०८२/०२/०७, ३२५/२०८२/०२/२१ बाट दाखिला गरेको जनही धरौटी रकम रु.२५०००/- बाट जनही जरिवाना रु.१००००/- र जनही शुल्क रु.४००/- कट्टी गरी मिनाहा गर्नु । साथै प्रतिवादीहरुले दाखिला गरेको धरौटीबाट जरिवाना रकम र क्षतिपूर्ति शुल्क कट्टा गरी बाँकी हुन आउने रकमबाट जाहेरवालीलाई रु.१४००/- भरी भराई बाँकी रकम प्रतिवादीहरुलाई फिर्ता  गर्न भनि लेखा शाखा, जिल्ला प्रशासन कार्यालय, पर्सालाई पत्र लेख्नु ---१

१. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याददिनु---------------------------------------------------------------------१

२. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु---------------------------------१

३. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु--------------------------------------------------------------------------------------------१

भोला दाहाल

प्रमुख जिल्ला अधिकारी

ईति सम्बत् २०८३ आषाढ महिना ११ गते विहीवार रोज ५ / ने.सं. ११४६ तछलाथ्व एकादशी, शुभम् ........